- **अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०६ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न:**

(२०८२ पुस ०३ गते):

मिति २०८२ मंसिर ०२ गतेबाट यस तालिम केन्द्रमा संचालित २६ कार्यदिन अवधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०६ औं समूहको आज मिति २०८२ पुष ०३ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो । साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन साथै सुरक्षाको क्षेत्रमा आईपर्न सक्ने खतराहरु लाई निष्तेज पार्न अहोरात्र तैनाथ हुनुपर्ने समेत निर्देशन दिनु भयो । उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्र.ना.उ. गुरू प्रसाद तिम्सिनाज्यू, तालिम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू, प्रहरी निरीक्षक दिपक खरेलज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्गहरु, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।



- **महिला तथा बालबालिकासंग सम्बन्धित अपराध अनुसन्धान (प्र.ज. देखि प्र.व.ह.) तालिम १६ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न:**

(२०८२पुस ०९ गते):

मिति २०८२ मंसिर २१ गते बाट यस केन्द्रमा संचालन भएको १६ कार्यदिन अवधिको महिला तथा बालबालिकासंग सम्बन्धित अपराध अनुसन्धान (प्र.ज. देखि प्र.व.ह.) तालिम १६ औं समूहको आज मिति २०८२ पुस ०९ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो । साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो। उक्त कार्यक्रममा, प्रहरी निरीक्षक दिपक खरेलज्यू, तालीम संयोजक प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहज्यू, जुनियर प्रहरी अधिकृतहरू, प्रशिक्षक वर्गहरू, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।



- **प्रहरी जवान आधारभूत तालिम ४-१४१ औं समूहको दिक्षान्त समारोह कार्यक्रम सम्पन्न:**

(२०८२ पुस ११ गते):

मिति २०८१ माघ २७ गतेबाट यस तालिम केन्द्रमा संचालित २३४ कार्यदिन अवधिको प्रहरी जवान आधारभूत तालिम ४-१४१ औं समूहको आज मिति २०८२ पुस ११ गते तालुक कोशी प्रदेश प्रहरी प्रमुख श्रद्धेय श्रीमान प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेज्यूको प्रमुख आतिथ्यमा दीक्षान्त समारोह कार्यक्रम सु-सम्पन्न भयो ।

दीक्षान्त कार्यक्रममा १ नं बाहिनि मुख्यालय पकली, सुनसरीका प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षक कुमार न्यौपानेज्यू, यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशका उपाध्यक्ष साथै पदाधिकारीहरु,नेपाल प्रहरी प्रदेश कार्यालय धरान सुनसरीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक ज्ञानेन्द्र प्रसाद फुयालज्यू, कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक दिपक पोखरेलज्यू,सशस्त्र प्रहरी बल नेपाल पाथिभरा तालिम शिक्षालय झापाका प्रमुख सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक रमेश कुमार पाण्डेज्यू,नेपाली सेना शिवदल गण थलाहा ब्यारेक मोरङका प्रमुख सेनानी अरुण कार्कीज्यू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायव उपरीक्षकज्यूहरू, प्रहरी निरीक्षकज्यूहरू, अवकास प्राप्त प्रहरी कर्मचारीहरू, सञ्चारकर्मीहरू लगायत जुनियर प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरु एवं प्रहरी जवान आधारभूत तालिम ४-१४१ औं समूहका सहभागी प्रशिक्षार्थीहरुका अभिभावकज्यूहरु लगायत अन्य अतिथिज्यूहरुको उपस्थिति रहेको थियो ।

साथै दीक्षित भई जाने प्रहरी जवानहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै प्रशिक्षणका दौरानमा सिकेका सैद्धान्तिक तथा व्यवहारीक कुराहरु समाज र संगठनले अपेक्षा गरे अनुरुप अनुशासित, इमान्दारी पूर्वक कर्तव्यनिष्ठ भई कार्यक्षेत्रमा कार्यन्वयन गर्नुहुन समेत निर्देशन दिनु भयो ।

कार्यक्रमको अन्त्यमा यस केन्द्रका समादेशकज्यूले दीक्षान्त समारोहका प्रमुख अतिथि,विशिष्ट अतिथि लगायत उपस्थित अन्य महानुभावहरुलाई धन्यवाद दिनुका साथै दीक्षीत हुने प्रहरी जवानहरुलाई बधाई तथा शुभकामना दिनुभयो ।



- **सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम ५४ औं समूहको तालिम उद्धाटन कार्यक्रम सम्पन्न**

(२०८२ पुस १३ गते):

मिति २०८२ पुस १३ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २६ कार्यदिन अवधिको सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम ५४ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक दिपक खरेलज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।



- **प्र.स.नि. आधारभूत (अल्पकालिन) तालिम ४-१९० औं समूहको उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८२ पुस १६ गते):

मिति २०८२ पुस १६ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको ३५ कार्यदिन अवधिको प्र.स.नि. आधारभूत (अल्पकालिन) तालिम ४-१९० औं समूहको तालिम प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अदिकारीज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।



- **प्रहरी कर्मचारीको उत्प्रेरणा अभिवृद्धीका लागि आयोजित वनभोज कार्यक्रम: (२०८२ पुस २६ गते):**

  मिति २०८२ पुस २६ गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरद्वारा प्रहरी कर्मचारीको उत्प्रेरणा अभिवृद्धी तथा सामुहिक भावना विकासका लागि आयोजित "वनभोज कार्यक्रम" सम्पन्न भयो।

  उक्त कार्यक्रममा यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्र.व.उ. गोविन्द अधिकारीज्यू, सह-समादेशक प्र.ना.उ. गुरू प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षकज्यूहरु, जुनियर प्रहरी अधिकृत लगायत प्रहरी कर्मचारीहरु उपस्थिति रहेको थियो।



- **उद्घाटन कार्यक्रम सम्पन्न (२०८२ पुस २८ गते):**

  मिति २०८२ पुस २८ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको १९ कार्यदिन अवधिको भिड नियन्त्रण (प्र.ज. देखि सि.प्र.अ.) तालिम १०३ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।

